# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ४ | संख्या १ | मिति २०७७।०६।०४ |

# भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

### संवत २०७७ सालको कार्यविधि संख्या १

**विहादी गाउँपालिकामा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७**

# विहादी गाउँपालिकामा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७

कार्यपालिकाबाट स्विकृति मितिः २०७७।०६।०४

**प्रस्तावनाः**

बिहादी गाउँ कार्यपालिकाको कार्यालय र विहादी गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा चिकित्सक वा स्वास्थ्यकर्मीहरु दरवन्दी अनुसार स्थायी पदपूर्ति हुन नसकी स्वास्थ्य सेवा प्रवाह गर्न कठिनाई भएको र स्थानीय तहको स्वास्थ्य सेवाका स्वीकृत दरवन्दीका पदहरुमा कार्यरत चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण बिदामा रहेको वा समायोजन भई रिक्त रहेको वा लोक सेवा आयोगमा माग आकृति फारम पठाई सकेको तर पूर्ति हुन् भइनसकेका पदमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा लिई स्वास्थ्य सेवा प्रवाहलाई सुचारु, नियमित र प्रभाबकारी बनाउन आवश्यक भएकोले,

रिक्त पदमा चिकित्सक वा स्वास्थ्यकर्मी करारमा लिने कार्यलाई व्यवस्थित गर्न नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ११क बमोजिम मं.प.बै.सं. २०/२०७६ मिति २०७६/०८/३० बाट स्वीकृत कार्यविधिका आधारमा बिहादी गाँउ कार्यपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमोजिम विहादी गाउँ कार्यपालिकाले मिति २०७७/०६/०४ मा यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (क) यस कार्यविधिको नाम "बिहादी गाउँपालिकामा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि स्थानीय तहले स्थापना गरेको स्वास्थ्य संस्थाको लागि सिर्जना गरिएका पद तथा दरबन्दी र संघिय एबं प्रादेशिक सरकारबाट प्राप्त स्वास्थ्य संस्थाको लागि आवश्यक पद तथा दरबन्दीको लागि समेत आवश्यकता अनुसार लागु गर्न सक्नेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) " अख्तियारवाला" भन्नाले स्थानीय तहको तर्फबाट करार सम्झौता गर्न अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ

(ख) "सेवा" भन्नाले स्थानीय तहले प्रदान गर्ने स्वास्थ्य सेवा सम्झनु पर्छ

(ग) "कार्यालय" भन्नाले स्थानीय तहको स्वास्थ्य सेवा संग सम्बन्धित कार्यालयहरु सम्झनु पर्छ

(ङ) "करार सेवा" भन्नाले प्रचलित कानुन बमोजिम निश्चित अवधि तोकी सम्झौताका आधारमा गरिने करार सेवा सम्झानु पर्छ

(च) "ऐन" भन्नाले “स्थानीय सरकार सञ्चालन ऐन, २०७४” सम्झनु पर्दछ ।

(छ) "कार्यविधि" भन्नाले “बिहादी गाउँपालिकमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७” सम्झनु पर्दछ ।

(ज) " चिकित्सक वा स्वास्थ्यकर्मी " भन्नाले दफा ३(२) बमोजिम स्वास्थ्य सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले दफा ५ बमोजिम गठित अन्तवार्ता तथा सूचिकरण समिति सम्झनु पर्दछ ।

३. **करार सेवामा जनशक्ति लिने अधिकार** : (१) स्थानीय तहको रिक्त पदमा करार सेवामा जनशक्ति लिने अधिकार स्थानीय तहको कार्यपालिकालाई हुनेछ ।

(२) यस कार्यविधि बमोजिम करार सेवाका लागि छनोट भएका चिकित्सक वा स्वास्थ्यकर्मीसंग प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अख्तियारवालाले करार सम्झौता गरी काममा लगाउन सक्नेछ ।

४. **योग्यता :** यस कार्यविधि बमोजिम करार सेवामा रही सेवा प्रदान गर्नका लागि चिकित्सक वा स्वास्थ्यकर्मीले सो पदको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता र देहाय बमोजिमको योग्यता हासिल गरेको हुनु पर्नेछ

**(क)** सहायक तहको पदमा १८ बर्ष उमेर पुरा भइ ४० बर्ष उमेर ननाघेको ,

**(ख)** अधिकृत तहको पदमा २१ बर्ष उमेर पुरा भई ४० बर्ष उमेर ननाधेको ,

तर स्वास्थ्य सेवाको पदमा नियमानुसार नियुक्ति भई अविचिछिन रुपमा ५ बर्ष सेवा अवधि पुरा गरेका अस्थायी वा करार सेवाका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**(ग)** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्वन्धित पदको लागि आवश्यक न्युनतम शैक्षिक योग्यता हासिल गरि प्रचलित कानुन बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धि व्यावसायिक परिषद् मा नाम दर्ता र नवीकरण भएको

तर प्रचलित कानुन बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी कुनै व्यावसायिक परिषदमा नाम दर्ता हुने व्यबस्था नै नभएको पदमा नियुक्ति हुनको लागी यस खण्डले बाधा पुर्याएको मानिने छैन ।

**(घ)** भविष्यमा सरकारी सेवाको निमित अयोग्य ठहरिने गरि सेवा बाट बर्खास्त नभएको ,

**(ङ)** नेपाली नागरिक,

**(च)** प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

५. **सेवा करार सम्बन्धि प्रक्रिया एवं कार्यविधि** : (१) स्थानीय तहका स्वास्थ्य संस्थामा देहाय बमोजिमका पदमा करार सेवामा चिकित्सक वा स्वास्थ्यकर्मी लिन सकिनेछ; (क) कुनै चिकित्सक

वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण विदामा रहेको अवस्थामा अध्ययन वा असाधारण विदामा बसेको अवधिभर,

(ख) सेवाको कुनै पद कुनै कारणवश रिक्त हुनगई सोको माग आकृति फारम भरि लोकसेवा आयोगमा पठाइ सकेको तर पदपूर्ति भइ नसकेको अवधिभर,

(ग) कर्मचारी समायोजन ऐन अनुसार समयोजन भै रिक्त रहेको तर पदपूर्ति नभएको अवधिभर ।

(२) करार सेवा लिनको लागि आवश्यक पद संख्या र यसका लागि आवश्यक न्यूनतम योग्यता समेत स्पष्ट खुलाई न्यूनतम १५ दिनको सुचना प्रकाशन गरि इच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गर्नु पर्नेछ ।

(३) आवेदन फारामको नमूना अनुसूची - १ बमोजिम हुनेछ । आवेदन दस्तुर गाउँपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

(४) उपयुक्त उम्मेदवार छनोटका लागि विज्ञ सहितको कम्तिमा ३ जना सदस्य रहेको छनोट समिति गठन गर्नुपर्नेछ । करारमा कर्मचारी छनौट गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछ

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| | स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| | प्रशासन शाखाको अधिकृत / प्रमुख | सदस्य |

(ख) समितिले आवश्यकता अनुसार बिज्ञका रुपमा अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ

(५) (क) छनोट समितिले लिखित वा मौखिक वा दुवै परीक्षाको माध्यमबाट उम्मेदवार छनोट गर्न सक्नेछ ।

(ख) उप दफा (५) क मा जुनसुकै कुरा लेखिएता पनि कर्मचारी छनौट समितिले संक्षित सुची प्रकाशन गरि मौखिक परीक्षाको माध्यमबाट पनि उम्मेदवार छनौट गर्न बाधा पुर्याउने छैन । छनोट समिति आफैले वा एक जना विज्ञ समेत रहने गरि छुट्टै अन्तर्वार्ता समिति गठन गरी अन्तर्वार्ता लिन सकिनेछ ।

(६) उम्मेदवार छनौट प्रक्रियाको लागि आवश्यक पाठ्यक्रम सम्वन्धित पदको लागि लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) छनोट समितिले करार सेवामा काममा लगाउने उम्मेदवार सिफारिस गर्दा कम्तिमा दुईजना र उपलब्ध भएसम्म रिक्त पदको तिस प्रतिशत सम्म वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस गर्न सक्नेछ ।

(८) करार सेवाको लागि दरखास्त पेश गर्ने व्यक्तिले सहायक स्तरको पदको हकमा रु ६००/ र अधिकृत स्तरको पदको हकमा रु. १०००/ दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।

(९) छनोट समितिले सिफारिस गरेको उम्मेदवार संग अख्तियारवालाले सेवा करार सम्झौता गरि निश्चित अवधि तोकी सेवा करार सम्झौता गर्नुपर्नेछ ।

(१०) करार सेवामा काममा लगाईएका कर्मचारीले पाउने सेवा सुबिधा लगाएतका बिषय प्रचलित कानुन बमोजिम हुनेछ यस्ता सेवा सुबिधा करार सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

तर स्थानीय तहको कार्यपालिकाले कार्य प्रकृति, जोखिम लगायतका बिषय हेरी थप सेवा सुबिधा उपलब्ध गराउन बाधा पर्नेछैन ।

<u>६. उम्मेदवारको परिक्षण एवं सिफारिस सम्बन्धि व्यबस्था :</u> (१)छनोट समितिले निश्पक्ष रुपमा प्रतिस्पर्धा गराई योग्य र उपयुक्त उम्मेदवार छनोट गर्नुपर्नेछ ।

(२)अन्तर्वार्तामा छनोट समितिले निर्धारण गरे बमोजिमको मुल्यांकन फारम प्रयोग गर्नु पर्नेछ ।

(३)छनोट समितिले वा अन्तर्वार्ता समितिका अध्यक्ष वा सदस्य कुनै उम्मेदवारसंग नजिकको नाता पर्ने भएमा त्यस्ता अध्यक्ष वा सदस्यले उक्त छनोट प्रक्रियामा सहभागी हुनुहुदैन । नाता नपर्ने स्वयम घोषणा गर्नुपर्नेछ यसरी घोषणा नगरी समितिमा समावेश भइ काम कारवाही भएको प्रमाणित भएमा सो मुल्यांकन रद्द हुनेछ ।

(४)अन्तर्वार्तामा निर्धारित कुल अंकको ७०% भन्दा बढी वा ४०% भन्दा अंक दिन पाइने छैन सो भन्दा घटी वा बढी अंक दिनु परेमा सोको स्पष्ट कारण खोल्नु पर्नेछ । कारण नखोली घटी वा बढी अंक दिएमा वा समितिमा कम्तिमा ५०सदस्यले यसरी कारण नखोलेको अवस्थामा बढीमा ७० र घटीमा ४० प्रतिशत अंक मात्र कायम हुनेछ

<u>७. सेवा करार सम्झौता सम्बन्धि अन्य व्यबस्थाः</u> १. करार सेवामा छनोट भएका उम्मेदवारहरुलाई करार सम्झौताका लागी सम्बन्धित कार्यालयमा सम्पर्क राख्न कम्तिमा ७ दिनको म्याद राखी सूचना दिनु पर्नेछ ।

(२) उपदफा(१)बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची - २ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची - ३बमोजिमको पत्र कार्यालयले सूचिकृत उम्मेदवारलाई दिनुपर्नेछ । सेवा करार सम्झौता गर्दा देहायको बिषय खुलाई गर्नु पर्नेछ ।

क. सेवा करार सम्झौताको अधिकतम अवधि ,

**ख.** सेवा करारमा रही गर्नु पर्ने कामको विवरण ,

**ग.** सेवाका शर्त र सुविधा,

**घ.** करार भंग हुने अवस्था र

**ङ.** कार्य सम्पादन र बिदा लगायतका अन्य बिषयहरु ।

**८. करार सेवाको अवधि :** करार सेवाको अवधि चालु आर्थिक बर्ष ननाघ्ने गरि बढीमा एक बर्ष सम्म हुनेछ ।

**९. म्याद थप सम्बन्धि व्यवस्था :** १) दफा ५ बमोजिमको अवस्था विद्यमान रहेको अवस्थामा सेवा करार सम्झौता गरि सेवा प्रदान गरिरहेका चिकित्सक वा स्वास्थ्यकर्मीको कार्य सम्पादन स्तर हेरी एक पटकमा ६ महिनामा नबढ्ने गरि म्याद थप गर्न सकिनेछ ।

२) यो निर्देशिका लागु हुनुपुर्ब करार सम्झौता गरी काम गरि रहेका व्यक्तिका हकमा समेत उपदफा १) बमोजिमको व्यवस्था लागु हुनेछ ।

**१०. करार सेवा समाप्त हुने :** देहायको अवस्थामा करार सेवा समाप्त हुनेछ ।

क) करार सेवामा लिएको व्यक्तिको सेवा सन्तोषजनक नभएको वा पदीय दायित्व वहन गर्न नसकेको भनि निज कार्यरत कार्यालयले गरेको सिफारिसका आधारमा अख्तियारवालाले करार सम्झौता भंग गरेमा ,

तर त्यसरी सम्झौता भंग गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

ख) स्वास्थ्य सेवा सम्बन्धि प्रचलित कानुनमा रहेका आचरण वा पदीय अनुशासन विपरित कार्य गरेमा ,

ग) करार सेवामा काम गर्ने व्यक्तिले सेवाबाट अलग हुनको लागी कम्तिमा १ महिना अगावै अख्तियारवालालाई त्यस्तो सूचना दिएमा ,

घ) अध्ययन वा असाधारण बिदामा बसेको चिकित्सक वा स्वास्थ्यकर्मिको पदमा करार सेवामा रहेका कर्मचारीको हकमा त्यस्तो बिदामा बसेको कर्मचारी आफ्नो पदमा हाजिर भएमा ,

ङ) लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोग बाट त्यस्तो पदमा स्थायी पदपूर्ति भएमा,

च) अध्ययन वा असाधारण बिदामा रहेको अवस्थामा वा रिक्त पदमा करारमा रहेको अवस्थामा त्यस्तो पदमा अन्य कुनै स्थायी कर्मचारी सरुवा भइ पदपूर्ति भएमा ।

**११. करार सेवामा रहने कर्मचारीले पाउने सेवा सुविधा :** करार सेवामा रहेका कर्मचारीको सेवा सुविधा देहाय बमोजिम हुनेछ;

क) करार सेवामा रहेका कर्मचारीले सार्वजनिक विदामा समेत काम काज गर्नुपर्नेछ । सार्वजनिक विदामा काम गरे वापत निजले सट्टा बिदा पाउनेछ ।

ख) करार सेवामा रहेको कर्मचारीले सार्वजनिक बिदा बाहेक प्रत्येक महिना १ दिन बिदा पाउनेछ सट्टा विदा वाहेक अन्य दिन कार्यालयमा विना सूचना अनुपस्थित कर्मचारीले त्यस्तो अनुपस्थित दिनको तलबभत्ता पाउने छैन ।

ग) करार सेवामा रहने कर्मचारी जुन तहमा रहेको हो सो पदको सुरु तलव स्केल बराबरको पारिश्रमिक र महंगी भत्ता पाउने छ । तर पदीय जिम्मेवारी कार्य प्रकृति लगायतका जोखिम हेरी स्थानीय तहले थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

घ) करार सेवामा रहि कम्तिमा ६ महिना भन्दा बढि निरन्तर सेवा गर्ने कर्मचारीलाई प्रत्येक वर्ष १ महिनाको तलब बरावरको रकम चाड पर्व खर्च वापत दिइनेछ ।

ङ) करार सेवामा रहेका फिल्डमा खटिनुपर्ने स्वास्थ्यकर्मीलाई नियमानुसार फिल्डभत्ता समेत उपलब्ध गराउन सकिने छ ।

च) करार सेवामा दरवन्दीमा रहेका कर्मचारीहरुले नियमानुसार पोशाक खर्च पाउनेछन् ।

च) सेवा सुबिधा सम्वन्धि अन्य व्यवस्था करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१२. **करार सेवामा रहेका कर्मचारीको सरुवा नहुने** : करार सेवामा रहेका कर्मचारीको अन्यत्र कार्यालयमा सरुवा गरिने छैन र निजलाई अन्यत्र पदमा काजमा समेत खटाईने छैन ।

तर एउटा स्वस्थ संस्थामा करार सम्झौता गरि कार्यरत व्यक्ति समयावधि समाप्त हुदाका बखत अर्को स्वास्थ्य संस्थामा सोहि प्रकारको जनशक्ति आवश्यक भएमा सो स्वास्थ्य संस्थाले सो करार सम्झौता गरि काममा लगाउन बाधा पर्ने छैन ।

१३. **कार्यविधिको ब्याख्या:** यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै वाधा अड्काउ परेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा विहादी गाउँपालिकाले आवश्यक व्याख्या वा निर्णय गरे बमोजिम हुनेछ ।

१४. **खारेजी:** करार सेवामा लिने सम्वन्धि यस अघि जारी भएका मापदण्ड तथा निर्देशिकाहरु खारेज गरिएका छन् ।

अनुसूची - १

(बुँदा ५.३ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

विहादी गाउँ कार्यपालिकको कार्यालय

वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत

## करारको लागि दरखास्त फाराम

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| नाम थर | | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| नागरिकता नंः | | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.वि.स. | ग) वडा नं | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल | |
| बाबुको नाम, थर : | | जन्म मिति : (वि.सं.मा) (ईस्वि संवतमा) | | |
| बाजेको नाम, थर : | | | हालको उमेर : वर्ष महिना | |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| **आवश्यक न्यूनतम योग्यता** | **विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था** | **शैक्षिक उपाधि/तालिम** | **संकाय** | **श्रेणी/प्रतिशत** | **मूल विषय** |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरण**

| **कार्यालय** | **पद** | **सेवा/समूह/उपसमूह** | **श्रेणी/तह** | **स्थायी/अस्थायी/करार** | **अवधि** | |
|---|---|---|---|---|---|---|
| | | | | | **देखि** | **सम्म** |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

<table>
<tr><th colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाप</th><th colspan="2" rowspan="2">उम्मेदवारको दस्तखत</th></tr>
<tr><th>दायाँ</th><th>बायाँ</th></tr>
<tr><td></td><td></td><td colspan="2">मितिः</td></tr>
<tr><td colspan="4">कार्यालयले भर्नेः</td></tr>
<tr><td colspan="2">रसिद/भौचर नं. :</td><td colspan="2">रोल नं. :</td></tr>
<tr><td colspan="4">दरखास्त अस्वीकृत भए सो को कारण :</td></tr>
<tr><td colspan="2">दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति :</td><td colspan="2">दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति :</td></tr>
</table>

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

# अनुसूची — २

(बुँदा ७.१ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

## करार सम्झौता

विहादी गाउँ कार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र ................ जिल्ला,....... नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने श्री ....................................... (यसपछि दोश्रो पक्ष भनिएको) का बीच ....................गाउँपालिका/नगरपालिकाको ...............................................पदको कामकाज गर्न गराउन मिति २०७ /..../... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१. **कामकाज सम्बन्धमा :** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थान :** ........................।

३. **करारमा काम गरे बापत पाँउने पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ...................(अक्षरेपी रु. ........................................ पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. **आचरणको पालनाः** दोश्रो पक्षले ...गाउँपालिका/नगरपालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **विदाः** दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछ ।

६. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षितिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. **करार अवधिः** यो करार २०७... ।........।..........देखि लागु भई २०७.....असार १५ सम्मको लागि हुनेछ ।

९. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. **दावी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन/गर्ने छैन ।

१२. **प्रचलित कानून लागू हुनेः** यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| <u>गाउँपालिका/नगरपालिकाको तर्फबाट :</u> | <u>दोस्रो पक्ष (करार गर्ने व्यक्ति):</u> |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालयको छापः | |

अनुसूची — ३

(बुँदा ७.३ सँग सम्बन्धित करार सूचना पत्रको ढाँचा)

विहादी गाउँ कार्यपालिकको कार्यालय

वहाकी ठाँटी

गण्डकी प्रदेश, नेपाल

च.नं. मितिः

प.सं.

श्री ........................................,

ठेगाना .........................

विषयः **करार सम्बन्धमा ।**

तपाईलाई मिति २०७...।....।... निर्णयानुसार सूचिकरण गरिए बमोजिम ............................ (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७....।....।... देखि २०७....।.....।.... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस गाउँपालिका/नगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

.....................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर/ Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन ।

श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन ।

श्री ...........................स्वास्थ्य चौकी, .....................

आज्ञाले

ध्रुव दयाल

प्रमुख प्रशासकीय अधिकृत